# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं माघ ७ गते ०८ साल

## भाग १

## प्रधानमन्त्रालय, राज्य-व्यवस्थाको विज्ञप्ति

परिस्थितिबाट खाली र खारेज परेका सदर मोफसलका हाकिम कारिन्दाहरूलाई मिल्न सकेसम्म खाली भएका ठाउँमा मिलाउने सरकारको निर्णय भएको छ ।

सेक्रेटरी—
साधारण राज्यव्यवस्था.

## प्रधानमन्त्रालय, राज्यव्यवस्थाको विज्ञप्ति

२।१०।०८

राजकाजसम्बन्धी अभियोगमा रिस, राग तथा बदला लिने भावको शिकार बनेका व्यक्तिहरूको उजूर परेमा यसबारे श्री ५ महाराजाधिराजबाट शाही घोषणा पनि भैसकेको हुनाले त्यस्ताको उजूरी श्रीमाननीय प्रधान-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

मन्त्रीजीले बुझी अन्याय भएको देखिएमा अड्डा अदालतको फैसलाबाट भएको रहेछ भने प्रधानन्यायाधीशले दोहऱ्याई हेर्ने र ठाडै हुकुम मर्जीले कारवाई भएको भए मौसूफले दोहऱ्याई हेरी उचित फैसला गरी मन्त्रिमण्डलमा पेश गर्ने, ०८ साल पौष १७ गते मन्त्रिमण्डलको बैठकमा पास भएको हुनाले, त्यस्ता सदर मोफसलमा रहेका व्यक्तिहरूले यो एलान जारी भएको ७० सत्तरी दिनभित्र आफूलाई लागेको राजकाजको अभियोगको पूरा सबूद प्रमाणसहित खोली प्रधानमन्त्रालय, राज्यव्यवस्थामा उजूर गर्न आउनुहोला र माथि भनिएबमोजिम हुनेछ।

सेक्रेटरी—
प्रधानमन्त्रालय, राज्यव्यवस्था.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग

१३४७ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।